# गलकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
गलकोट, बागलुङ

प.स.:- ०७७/०७८
च.नं.:- ८९

गण्डकी प्रदेश, नेपाल

मिति : २०७७/०८/१६

विषय: बालमैत्री स्थानीय शासन तथा प्रविधिमैत्री विद्यालय घोषणा सम्वन्धी पूर्व तयारी गर्ने सम्बन्धमा।

श्री गल्कोट नगरपालिका, गल्कोट बाग्लुङ्ग, अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु।

प्रस्तुत विषयमा गल्कोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय, गल्कोट बाग्लुङ्गको आयोजनामा मिति २०७७/०८/१० र ११ गते गल्कोट नगरपालिका वडा नं. २ को सभाहलमा संचालन भएको बालमैत्री स्थानीय शासन नीतिगत अवलम्वन तथा घोषणा सम्वन्धी नगरपालिकास्तरीय अभिमुखिकरण कार्यक्रममा तपसिल बमोजिमका क्रियाकलापहरु विद्यालयहरुमा तत्काल सञ्चालन तथा व्यवस्थापन गर्ने निर्णय भएकाले बस्तुगत प्रोफाइल तयारी भएपछि बजेट समेत उपलब्ध गराउन सकिने गरी कार्ययोजना निमार्ण हुने भएकाले आवश्यक व्यवस्थापनका लागि अनुरोध छ।

०७७/०८/१६
रुद्र नारायण सापकोटा
उप-सचिव (दशौं तह)

तपसिल :

१. विद्यालयमा बालबालिकाहरु भर्ना गर्दा अनिवार्यरुपमा जन्म दर्ता प्रमाणपत्र लिने व्यवस्था कडाइका साथ लागु गर्नु हुन।

२. बाल विवाह नगर्नका लागि छात्र छात्राहरुलाई समयसमयमा सचेतनामुलक कार्यकमहरु सञ्चालन गर्नु हुन।

३. आफ्नो सेवा क्षेत्रभित्रका ४ वर्ष सम्मका बालबालिकाहरुलाई प्रारम्भीक बाल विकास कक्षामा भर्ना गराउने र ५ वर्ष पुरा भएका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराई पठन पाठन कार्यमा संलग्न गराउनु हुन।

४. ५ देखि १२ वर्ष उमेर समुहका सम्पूर्ण बालबालिकीहरुलाई आधारभूत शिक्षा ( कक्षा १-८) उपलब्ध गराउने व्यवस्था मिलाउनु हुन।

५. प्रत्येक विद्यालयमा छात्र/छात्राका लागि अलग अलग सौचालयको व्यवस्था गरी Sanitary Pad को उचित व्यवस्थापनका लागि व्यवस्थापन गर्ने ठाउँको प्रवन्ध गर्नु हुनका साथै सौचालयमा प्रयाप्त पानीको व्यवस्था गर्नुहुन।

६. प्रत्येक शुकबार Half Time पछिको समयमा अतिरिक्त क्रियाकलापहरु अनिवार्यरुपमा सञ्चालन गर्ने कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नु गराउनु हुन।

७. नयां निर्माण हुने संरचनाहरुमा अपाङ्गमैत्री-यामको व्यवस्था गर्नुहुन र पुराना संरचनाहरुमा संभव भए सम्म अपाङ्गमैत्री -यामको व्यवस्थापन गर्नु गराउनु हुन।

८. विद्यालय व्यवस्थापन समितिको बैठकमा आवश्यकताअनुसार १२-१८ वर्षभित्रका १ जना छात्रा र १ जना छात्रलाई आमन्त्रित सदस्यको रुपमा राख्ने व्यवस्था मिलाउनु हुन।



रुद्र नारायण सापकोटा
उप-सचिव (दशौं तह)

९. प्रत्येक विद्यालयमा ७ देखि २५ जना सम्मको प्रत्येक कक्षाबाट कम्तिमा १ जना छात्र र १ जना छात्रा रहने गरी १६ वर्षमुनिका छात्र/छात्रा मध्येबाट बालक्लबको अध्यक्ष, उपाध्यक्ष, सहसचिव, कोषध्यक्ष र सचिव जस्ता महत्वपूर्ण पदमा छनौट गर्न लगाउने । यसरी बाल क्लब गठन गर्दा ८ वर्षदेखि १८ वर्षसम्मका बालबालिकाहरु समावेश गराउने र बालक्लबको नामाकरण गर्ने । २५ जना भन्दा बढी बालबालिकाहरु भएको विद्यालयमा उप-समूह जस्तै सरसफाई समूह, फुलबारी संरक्षण समुह आदि निर्माण गर्न सकिन्छ ।

१०. प्रत्येक विद्यालयमा १ जना सकेसम्म महिला शिक्षकलाई बालमैत्री सम्पर्क शिक्षक तोक्नु हुन ।

११. आधारभुत तह ( कक्षा ६-८ ) र माध्यमिक तहमा Sanitary Pad को वितरणका लागि लैङ्गिक सम्पर्क व्यक्ति ( सकेसम्म महिला शिक्षकको ) नियुक्ति गरी Sanitary Pad विसर्जनका लागि विसर्जन Tank को निर्माण गर्नु हुन ।

१२. विद्यालयहरुले बालमैत्री वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गर्नु हुन ।

१३. विद्यालय compound भित्र Junk Food पूर्णरुपमा निषेध गराई तयारी खाजा घरबाट ल्याउने व्यवस्था मिलाउनु हुन ।

१४. विद्यालयमा शिक्षण सिकाई क्रियाकलापमा बालमैत्री शिक्षण विधिको प्रयोग गर्नु हुन ।

१५. सबै विद्यालयहरुमा प्राथमिक उपचारको व्यवस्थाका लागि औषधिहरु सहितको First aid Kits को व्यवस्था गर्नु हुन ।

१६. बालबालिकाहरुको उमेर तथा क्षमताका आधारमा बालमैत्री भौतिक संरचनाको व्यवस्थापन गर्नु हुन ।

१७. विद्यालयमा बाल अधिकारका सम्वन्धमा समय समयमा चेतना सत्र सञ्चालन गर्नु हुन ।

१८. आवासीय विद्यालयहरुमा बालबालिकाहरुले प्रयोग गर्ने सामग्रीहरुका सम्बन्धमा गुनासो सुन्ने र सही सुझाव कार्यान्वयन गर्ने व्यवस्था गर्नु हुन ।

१९. समय समयमा विद्यालयमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्नु हुन ।

२०. विद्यालयमा स्वच्छ , शुद्ध पिउने पानीको व्यवस्था गर्नु हुन ।

२१. बालमैत्री पुस्तकालयको व्यवस्था मिलाउनु हुन ।

२२. विद्यालय हाताभित्र बाल बगैचा र फुलवारीको व्यवस्था गर्नु हुन ।

२३. विद्यालय परिवारसंग समय समयमा बालमैत्री स्थानीय शासन र प्रविधिमैत्री विधालय सम्बन्धी अन्तरक्रिया सञ्चालन गर्नु हुन ।

२४. तपसिल वमोजिमको विवरण उल्लेख गरी कम्तिमा ३/२ को flex बनाई विद्यालयको मुल गेटमा सबैले देख्ने गरी २०७७ मंसीर महिनाभित्र झुण्ड्याई सो र माथि उल्लेखीत बुदाहरुका विवरण गल्कोट नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्यरुपमा पठाउने व्यवस्था मिलाउन हुन ।



रुद्र नारायण सापकोटा
उप-सचिव (दशौं तह)

" बालबालिकामा गरेको लगानी

ल्याउछ सुनौलो विहानी "

नेपाल सरकारको लोगो

विद्यालय को लोगो

**बाल अधिकारका ४ क्षेत्रहरु**

१. बाच्न पाउने अधिकार

२. संरक्षणको अधिकार

३. विकासको अधिकार

४. सहभागिताको अधिकार

**बालमैत्री स्थानीय शासन भनेको के हो ?**

बलमैत्री स्थानीय शासन भन्नाले बालबचाउ, बालसंरक्षण, बालबिकास र अर्थपूर्ण बालसहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति , संरचना प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धती हो ।

बिद्यालयको नाम

ठेगाना

बोधार्थ

श्री नगर प्रमुखज्यु, गल्कोट नगरपालिका, गल्कोट, बाग्लुङ

श्री नगर उपप्रमुखज्यु, गल्कोट नगरपालिका, गल्कोट, बाग्लुङ

श्री संयोजकज्यु, गल्कोट नगरपालिका, सामाजिक बिकास समिति, गल्कोट, बाग्लुङ

श्री ११ वटै वडासमितिको कार्गालय, गल्कोट नगरपालिका, गल्कोट, बाग्लुङ

आफ्नो वडाभित्रका बिद्यालयहरुमा अनुगमन तथा सहजिकरण गर्नु हुन ।

रुद्र नारायण साँपकोटा
उप-सचिव (दशौं तह)